आर्थिक बर्ष : २०८०/८१
बैठक संख्या : ४

आज मिति २०८०/०७/२२ गतेका दिन विरुवा गाउँपालिका गाँउकार्यपालिकाको कार्यालयमा गाउँकार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री डन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोखेल प्रशासन शाखा प्रमुख

CamScanner

(मिति २०८०/०७/२२)

**प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव नं. १.** आ.ब. २०८०/८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि विनियोजित वजेट कार्यान्वयनका लागि योजना छनौट सम्बन्धमा।

**निर्णय नं. १**

आ.ब. २०८०/८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि विनियोजित वजेट कार्यान्वयनका लागि विभिन्न वडाहरुबाट प्राथमिकताका आधारमा तपसिल योजना छनौट गर्ने निर्णय गरियो ।साथै प्रत्येक वडामा प्राथमिकताक्रमका आधारमा छनौट भएका योजनाहरुको प्राविधिक लागत ईस्टिमेट बनाई रु ४ लाखका दरले श्रमिक ज्याला नबढ्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल :

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | कटहरे गा.पा. कार्यालय देखि छेडेकुला सम्म गोरेटो बाटो | बिरुवा-१, | |
| २ | गोब्रेखोला खोल्सा देखि बन कुर्ने चौपारी सम्म सिँढी बाटो | बिरुवा-१, | |
| ३ | जन जागृती आ.वि. देखि प्रहरी चौकी सम्म सिँढी बाटो | बिरुवा-१, | |
| ४ | बेसारडाँडा सिँढी बाटो निर्माण | बिरुवा-२, | |
| ५ | लाँकुरीडाँडा देखि आमा समूह भवन सम्म सिँढी बाटो निर्माण | बिरुवा-२, | |
| ६ | अर्चले सिँढी बाटो निर्माण | बिरुवा-२, | |
| ७ | दारा सिँढी बाटो निर्माण | बिरुवा-२, | |
| ८ | रानाथर देखि पाटाथर सम्म गोरेटो बाटो | बिरुवा-३, खाली | |
| ९ | तल्लोघर आहालथर माझगाउँ गोरेटो बाटो | बिरुवा-३, खाली | |
| १० | दलित बस्ती पदमार्ग | बिरुवा-३, धोबादी | |
| ११ | पुलामीथर पदमार्ग | बिरुवा-३, सिउँदी | |
| १२ | घोप्टे दलित बस्ती गोरेटो बाटो | बिरुवा-४, | |
| १३ | जफती मुख्याडाँडा गोरेटो बाटो | बिरुवा-४, | |
| १४ | सिरानीडाँडा गोरेटो बाटो | बिरुवा-४, | |
| १५ | रानाथर खत्रीगाँउ गोरेटो बाटो | बिरुवा-४, | |
| १६ | धारा देखि भयनी खेत जाने गोरेटो बाटो | बिरुवा-४, | |
| १७ | तल्लो सेखरसिङ जैसरा सम्मखर्के पदमार्ग | बिरुवा-५, | |
| १८ | काउले डाँडाघरे पदमार्ग | बिरुवा-५, | |
| १९ | ५ नं. वडा कार्यालय जाने पदमार्ग | बिरुवा-५, | |
| २० | तल्लो चेप्टे मुलाबारी टोल पदमार्ग | बिरुवा-५, | |
| २१ | खरखरे चितुवा खोल्सा पदमार्ग | बिरुवा-५, | |

CamScanner

| | | | |
|---|---|---|---|
| २२ | गैरी गोरेटो बाटो निर्माण | बिरुवा-६, गैरी | |
| २३ | बलेउ दलित बस्ती गोरेटो निर्माण | बिरुवा-६, तल्लो वलेउ | |
| २४ | छत्रेआप गोरेटो बाटो निर्माण | बिरुवा-६, छत्रेआप | |
| २५ | अमले सिंचाई आयोजना | बिरुवा-६, अमले | |
| २६ | यादी देखि मनकामना पदमार्ग | बिरुवा-७, | |
| २७ | सपाउँदे गोरेटो बाटो | बिरुवा-७, | |
| २८ | नेपाली टोल देखि स्कूल सम्म गो.बा. | बिरुवा-७, | |
| २९ | कुसुण्डे पदमार्ग | बिरुवा-८, | |
| ३० | बाहुनगाउँ मचाबारी पदमार्ग | बिरुवा-८, | |
| ३१ | भासेपोखरी पदमार्ग | बिरुवा-८, | |
| ३२ | घर्तीखोला पदमार्ग . | बिरुवा-८, | |

<u>प्रस्ताव नं. २</u> बर्षातको समयमा आकस्मिक रुपमा सडक खुलाउन पहिरो सफा गर्ने क्रममा भएको खर्च भुक्तानी सम्बन्धमा।

<u>निर्णय नं. २</u>

विरुवा गाउँपालिका क्षेत्रभित्रका वर्षातका क्रममा अवरुद्ध तपसिल सडकहरु आकस्मिक रुपमा खुलाउन मेसिन चलाउने क्रममा खर्च भएको निम्नानुसारको रकम प्राविधिक मूल्याङ्कनका आधारमा आकस्मिक परिस्थितिजन्य निर्माण उद्धार खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

तपसिलः

१. बेलघारी मेथाभुरुङ्ग सडक - रु २१,५१८/-
२. भन्ज्याङ्ग बाहुँ विरुवा सडक - रु २१,४९२/-
३. ज्याग्दीखोला करीडोर (गोपाले खण्ड) — रु १९,१३९/-
४. ज्याग्दीखोला करीडोर (चिन्नवास खण्ड) — रु १९,१३९/-
५. मिलनचोक रहखोला छेउडाँडा सडक — रु ९,०७६/-
६. विरुवा चिन्नेवास सडक (लाटापिपल कल्भर्ट) — रु १०,०१२/-
७. राङखोला धोवादी विरुवा सडक — रु २२,७२३/-

<u>प्रस्ताव नं. ३</u> सडक उपयोग दस्तुर संकलन सम्बन्धमा।

<u>निर्णय नं. ३</u>

विरुवा गाउँपालिका कार्यालयद्धारा राङखोला धोवादी विरुवा सडकखण्ड अन्तर्गत विगतका वर्षहरुदेखी संकलन गर्दै आएको सडक उपयोग दस्तुर संकलनका लागि पटक पटक सूचना प्रकासन गर्दा समेत कुनै पनि व्यक्ति वा फर्मबाट निवेदन प्राप्त नभएकोले चालु आ.व मा तोकिएको दररेटमा अमानतमा संकलन गरी संकलनकर्तालाई जम्मा संकलन भएको रकमको ३० प्रतिशत उपलब्ध गराउने गरी आवश्यक व्यवस्था गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४** ढुङ्गागिटि बालुवा /दहत्तर बहत्तर संकलन सम्बन्धमा।

**निर्णय नं. ४**

विरुवा गाउँपालिका क्षेत्रभित्र पर्ने म्याङखोला, बास्तराखोला र ज्याग्दीखोला क्षेत्रभित्र ढुङ्गा, गिटी तथा बालुवा संकलनका लागि ३ पटक सूचना प्रकासन गर्दा समेत चिन्नेवास नाका र गैरीघाट नाकाको लागि कुनै पनि निवेदन प्राप्त नभएकोले उक्त क्षेत्रको दहत्तर बहत्तर संकलनका लागि कुल मूल्याङ्कन भएको रकममा २० प्रतिशत कम गरी पुनः सूचना प्रकासन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५** योजना सम्झौताको म्याद थप सम्बन्धमा।

**निर्णय नं. ५**

विरुवा गाउँपालिकाद्धारा आ.व. २०८०/८१ मा कार्यान्वयन गर्नेगरी निर्धारण गरिएका योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने समयसिमा २०८० कार्तिक मसान्तभित तोकिएकोमा विविध कारणवश उक्त समयमा सम्झौता कार्य नसकिएकोले २०८० मंसिर मसान्तसम्म सम्झौता गर्ने मिति थप गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६** खानेपानी मूल दर्ताका लागि स्वीकृती प्रदान गर्ने सम्बन्धमा।

**निर्णय नं. ६**

विरुवा गाउँपालिका कार्यालयमा खानेपानी मूल दर्ताका लागि रीतपूर्वक निबेदन पेश भई विरुवा गाउँपालिकाको खानेपानी मूल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७७ बमोजिम प्रक्रिया पुरा गरेका तपसिल खानेपानी मूल तथा सरसफाई उपभोक्ता समिति दर्ताका लागि स्वीकृती प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

- सुरुङ क्वादी ईलेक्ट्रोनिक पम्प खानेपानी तथा सरसफाई उपभोक्ता समिति, विरुवा ६ र ७, कप्रेदी खानेपानी मूल
- बृहत विरुवा बलेउ लेवा समेत खानेपानी योजना विरुवा ६, ग्याब्दी खानेपानी मूल
- सरसफाई तथा बृहत गैरीस्वारा पोखरीडाँडा लिफ्टिङ खानेपानी योजना ,

**प्रस्ताव नं. ७** आर्थिक सहयोग सम्बन्धमा।

**निर्णय नं. ७**

कृषि तथा वनविज्ञान विश्वविद्यालय, प्राकृतिक स्रोत व्यवस्थापन कलेज कटारी उदयपूरमा स्नातक तह तेस्रो वर्षमा अध्ययनरत श्री मिन बहादुर कार्कीले विरुवा गाउँपालिकाक्षेत्रभित्र पाईने विविध प्रकारका चराहरुको अध्ययन गरी सो को अध्ययन प्रतिवेदन समेत कार्यालयमा पेश गरेको तथा निजले पेश गरेको अध्ययन प्रतिवेदनले विरुवा गाउँपालिका भित्रका चराहरुको बारेमा जानकारी प्रदान गरी संरक्षण कार्यमा सहयोग पुग्ने देखिएकोलाई निजलाई प्रोत्साहनस्वरुप गाउँपालिकाको तर्फबाट रु २५,०००/- प्रदान गर्ने निर्णय गरियो।

CS CamScanner

**<u>प्रस्ताव नं .८</u>** सीमा विबाद सम्बन्धमा।
**<u>निर्णय नं. ८</u>**

विरुवा गाउँपालिका र पुतली बजार नगरपालिका स्याङ्जा विच तपसिल स्थानहरुमा सिमाना अस्पष्ट हुँदा सिमाना सम्बन्धी विबाद रहेकोले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा उक्त विषयको विस्तृत विवरण लेखी पठाउने निर्णय गरियो।

तपसिलः

- विरुवा गाउँपालिका वडा नं. २ दारा र पुतलीबजार नगरपालिका वडा नं. १२ चन्द्रकोट
- विरुवा गाउँपालिका वडा नं ३ राङभाङ र पुतलीबजार नगरपालिका वडा नं. २ भैसेगौंडा

**<u>प्रस्ताव नं .९</u>** जोखिमयुक्त रुखहरु कटान (BRUSH CUTTING) सम्बन्धमा।
**<u>निर्णय नं. ९</u>**

विरुवा गाउँपालिका क्षेत्रभित्रका बिद्युत लाईन र सडकको १० मिटर दायाँबायाँ तथा बस्तीको २० मिटर नजिक रहेका फलफुलका रुखहरुबाहेक जोखिमयुक्त अन्य रुखहरु कटान (BRUSH CUTTING) गर्ने गाउँकार्यपालिकाको मिति २०७९/०९/२५ गतेको निर्णय प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सो को लागि वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>प्रस्ताव नं .१०</u>** राङभाङ स्वास्थ्य चौकी निर्माण सम्बन्धमा।
**<u>निर्णय नं. १०</u>**

विरुवा गाउँपालिकाको ८ औं गाउँसभाले विरुवा गाउँपालिका वडा नं. ३ को कार्यालय सोही वडाको खाली भन्ने स्थानमा सार्ने निर्णय भएको र हाल राङभाङ स्वास्थ्य चौकी रहेको भवन जिर्ण भएको हुँदा वडा कार्यालय सरेपश्चात हालको वडा कार्यालयको भवनबाट स्वास्थ्य चौकीको सेवा प्रदान गर्ने र संघिय सरकारद्धारा आ.व. २०८०/८१ को विशेष योजनामा समावेश राङभाङ स्वास्थ्य चौकी निर्माण सोही वडा कार्यालय रहेको साविक राङभाङ गाउँ पन्चायतको नाममा रहेको कित्ता नं २०३ र सोही कित्तासंग जोडीएको जग्गा निशुल्क रुपमा प्राप्त गरी सोही स्थानमा निर्माण गर्ने निर्णय गरियो ।